# त्रिभुवन विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
# कीर्तिपुर

## जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयबाट आ. ब. २०७७/०७८ मा प्रकाशित आन्तरिक तथा खुल्ला प्रतियोगिताको माध्यमबाट विभिन्न पदहरुको पदपूर्तिका लागि गरिएका विज्ञापनहरु मध्ये यस अघि स्थगित भएका व्यवस्थापन, समाजशास्त्र, हिन्दी र मैथिली विषयका प्राध्यापक र सहप्राध्यापक पदको बाँकी अन्तर्वार्ता मिति २०८० आश्विन १४ गते देखि १९ गते सम्म सेवा आयोगको कार्यालय कीर्तिपुरमा सन्चालन गर्ने कार्यतालिका रहेको र २०८० आश्विन १८ गतेसम्मको अन्तर्वार्ता सम्पन्न भईसकेको अवस्थामा नेपाल समाजवादी विद्यार्थी युनियन, त्रि.वि.समिति र नेपाल विद्यार्थी संघ, त्रिभुवन विश्वविद्यालय समिति, कीर्तिपुरको नाममा मिति २०८० आश्विन १८ गते बेलुका देखि सेवा आयोगको कार्यालय, विज्ञान डीन कार्यालय र त्रि.वि.पुनरावेदन आयोगको कार्यालय रहेको भवनको प्रवेशद्वारमा अनिश्चितकालिन तालाबन्दी गरेका कारण आज मिति २०८० आश्विन १९ गते निर्धारण गरिएको अन्तिम दिनको अन्तर्वार्ता (**हिन्दी विषयको प्राध्यापक तथा सहप्राध्यापक र समाजशास्त्र विषयको प्राध्यापक तथा सहप्राध्यापक**) सञ्चालनमा अवरोध खडा गर्नुका साथै दैनिक प्रशासनिक कार्यमा समेत अवरोध खडा गरी असामान्य अवस्था सिर्जना गरेका कारण सञ्चालन गर्न नसकिएको व्यहोरा जानकारी गराइन्छ ।

यसबाट अन्तवार्ताका लागि उपस्थित भएका उम्मेदवारहरुलाई पर्न गएको मर्का प्रति दुःख व्यक्त गर्दै परिस्थिति सहज हुना साथ अन्तर्वार्ता सञ्चालन गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

मिति : २०८० आश्विन १९ गते शुक्रबार

केदार नाथ ढकाल
प्रमुख